


वर्ष ४१ | अंक ९ | नेपाल राष्ट्र बैंक समाचार | जेठ २०७४ | मे-जुन २०१७

# वित्तीय स्थायित्व कायम गर्दै वित्तीय पहुँच र उत्पादनशील कर्जा विस्तार मार्फत आर्थिक वृद्धिमा टेवा पुऱ्याउन नेपाल राष्ट्र बैंक कटिबद्ध

**– गभर्नर डा. नेपाल**




नेपाल राष्ट्र बैंक २०७४ साल वैशाख १४ गते ६१ वर्ष पूरा गरी ६२ औं वर्षमा प्रवेश गऱ्यो । सो अवसरमा बैंकमा एक विशेष कार्यक्रम आयोजना गरियो । उक्त कार्यक्रमको समुद्घाटन गभर्नर डा. चिरंजीबि नेपालले गर्नुभयो ।

कार्यक्रममा गभर्नर डा. चिरंजीबि नेपालले विगत १ वर्षमा नेपाल राष्ट्र बैंकले गरेका कार्यहरुको संक्षिप्त विवरण सहितको मन्तव्य राख्नुभयो । सो मन्तव्यमा उहाँले चालू आर्थिक वर्ष २०७३/७४ लाई आर्थिक पुनरुत्थानको वर्षको रुपमा उल्लेख गर्नुहुँदै त्यसमा बैंकिङ क्षेत्रको लागि अवसर र चुनौती दुवै रहेको धारणा राख्नुभयो । आर्थिक वर्ष २०७३/७४ कानुनी, नियामकीय तथा नीतिगत सुधारको वर्षको रुपमा पनि रहेको बताउनु हुँदै उहाँले बैंकिङ क्षेत्रका केही ऐनहरु परिमार्जन गरिएको र केही लागु गरिएको जानकारी दिनुभयो ।

गभर्नर डा. नेपालले आर्थिक वर्ष २०७३/७४ को हालसम्मको अवधिमा अर्थतन्त्रका समष्टिगत आर्थिक तथा वित्तीय सूचकहरुको स्थिति सुधारोन्मुख रहेको आंकडा पेस गर्नुहुँदै बैंक तथा वित्तीय संस्थाहरुको पुँजी वृद्धि, मर्जर तथा एक्विजिसन र वित्तीय पहुँचको अवस्था बारे प्रकाश पार्नुभयो । बैंकिङ क्षेत्रको विकासका लागि सबैको सहयोगको अपेक्षा गर्नुहुँदै उहाँले वित्तीय स्थायित्व कायम गर्दै वित्तीय पहुँच र उत्पादनशील कर्जा विस्तार मार्फत् आर्थिक वृद्धिमा टेवा पुऱ्याउन नेपाल

बाँकी २ पेजमा

# गभर्नर डा. नेपालद्वारा एकीकृत कारोबारको शुभारम्भ




गभर्नर डा. चिरंजीबि नेपालले वैशाख १७ गते काठमाडौंमा विराटलक्ष्मी विकास बैंक लिमिटेड र कण्ट्री डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राइम कमर्सियल बैंक लिमिटेडले प्राप्ति गरे पश्चात्को एकीकृत कारोबारको शुभारम्भ गर्नुभयो ।

उक्त समारोहलाई प्रमुख अतिथिका रुपमा सम्बोधन गर्नुहुँदै गभर्नर डा. नेपालले देशको वित्तीय प्रणाली सकारात्मक दिशातर्फ गइरहेको बताउनु भयो । विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषले नेपालको आर्थिक वृद्धि विगत २ दशक यताकै उच्च रहने प्रक्षेपण गरेको उल्लेख गर्नुहुँदै उहाँले अपेक्षानुरुप पुँजीगत खर्च हुन सकेमा आर्थिक वृद्धि अझै उच्च हुने धारणा राख्नुभयो । व्यापार घाटा कम गर्नका लागि आयात प्रतिस्थापन गर्ने खालका उद्योग व्यवसायमा बैंकको लगानी बढाउन उहाँले जोड दिनुभयो ।

गभर्नर डा. नेपालले सो समारोहमा चुक्ता पुँजी वृद्धि नीतिको परिणामस्वरुप नेपालका बैंक तथा वित्तीय संस्थाहरु गुणात्मक रुपमा सबल र सक्षम हुँदै गएको विचार व्यक्त गर्नुभयो । उहाँले संस्थागत सुशासनमा चल्ने संस्थाहरु

बाँकी २ पेजमा

१ पेजको बाँकी

# वित्तीय स्थायित्व ...

राष्ट्र बैंक कटिबद्ध रहेको बताउनु भयो । *(गभर्नर डा. नेपालले दिनु भएको वक्तव्य नेपाल राष्ट्र बैंकको वेवसाइटमा राखिएको छ ।)*

सो कार्यक्रममा डेपुटी गभर्नर चिन्तामणि




शिवाकोटीले स्वागत मन्तव्य राख्नुभयो । उहाँले २०७२ वैशाखको भूकम्पले ध्वस्त भएका संरचनाहरुको पुनर्निर्माण गर्न नसकिएकोमा चिन्ता व्यक्त गर्दै बैंकको कार्यालय भवन निर्माण कार्य छिट्टै सुरु हुने बताउनु भयो । रु. १००० र रु. ५०० दरका भारतीय नोटको सटही सम्बन्धमा देखिएको समस्या समाधानका लागि पहल भइरहेको जानकारी उहाँले दिनुभयो । सरकारी कारोबार वाणिज्य बैंकहरुलाई दिइँदै जाने उल्लेख गर्दै उहाँले वित्तीय क्षेत्रमा देखिएका चुनौतीहरुको सामना गर्नका लागि नेपाल राष्ट्र बैंकमा सक्षम टिम रहेको विचार व्यक्त गर्नुभयो । अर्का डेपुटी गभर्नर शिवराज श्रेष्ठले धन्यवाद मन्तव्य राख्दै नेपाल राष्ट्र बैंकको प्रयासको फलस्वरुप नेपालको बैंकिङ क्षेत्र सुदृढ बन्दै गएको धारणा राख्नुभयो ।

गभर्नरको कार्यालयका निर्देशक राजेन्द्र पण्डितले सञ्चालन गर्नु भएको सो कार्यक्रममा पूर्व गभर्नरहरु, पूर्व डेपुटी गभर्नरहरु, पूर्व विशिष्ट कर्मचारीहरु तथा बैंकमा कार्यरत सबै तहका कर्मचारीहरु लगायत बैंककर्मीहरुका साथै आर्थिक र वित्तीय क्षेत्रसँग सम्बद्ध निकायका पदाधिकारीहरुको उल्लेख्य उपस्थिति थियो । कार्यक्रममा पूर्व गभर्नर डा. भेषबहादुर थापा र संस्कृतिविद् सत्यमोहन जोशीलाई कदरपत्रका साथ विशेष सम्मान गरिनुका साथै २०७१ मंसिरदेखि २०७४ वैशाख १४ सम्म अवकाश पाउनु भएका १२ जना कार्यकारी निर्देशकहरुलाई प्रशंसापत्र प्रदान गरिएको थियो । पूर्व गभर्नर थापाले विगतका अनुभवहरु सुनाउनुका साथै नेपाल राष्ट्र बैंकको भविष्य बारे पनि चर्चा गर्नु भएको थियो । संस्कृतिविद् जोशीले मुद्राको सांस्कृतिक महत्व बारे प्रकाश पार्नु भएको थियो ।

सो समारोहमा बैंकमा २० वर्ष सेवा अवधि पूरा गर्ने कर्मचारीहरुलाई सेवा पदक तथा ६२ औं वार्षिकोत्सवका अवसरका आयोजित आर्थिक लेख प्रतियोगिताका विजयीहरुलाई पुरस्कार वितरण पनि गरिएको थियो । समारोहमा सेवा पदक पाउने कर्मचारीहरुका तर्फबाट निर्देशक दयाराम शर्मा पंगेनी, सेवा निवृत्त विशिष्ट कर्मचारीहरुका तर्फबाट पूर्व कार्यकारी निर्देशक मनमोहनकुमार श्रेष्ठ, पूर्व कर्मचारी संघका अध्यक्ष भोलाराम श्रेष्ठ, नेपाल बैंकर्स संघका अध्यक्ष अनिलकेशरी शाह तथा नेपाल राष्ट्र बैंक कर्मचारी संघका अध्यक्ष ढुण्डीराज मिश्र, नेपाल वित्तीय संस्था कर्मचारी संघ नेपाल राष्ट्र बैंकका अध्यक्ष रेशमराज रेग्मी र नेपाल राष्ट्रिय कर्मचारी संगठन नेपाल राष्ट्र बैंकका




का. वा. अध्यक्ष रेशमबहादुर बल्छौंडीले पनि शुभकामना मन्तव्य दिनु भएको थियो ।

१ पेजको बाँकी

# गभर्नर डा. नेपालद्वारा...

सफल हुने विश्वास दिलाउँदै समस्याग्रस्त संस्थाहरु मध्ये केही सञ्चालनमा आइसकेको र केही सञ्चालन हुने क्रममा रहेको जानकारी दिनुभयो । न्यून बैंकिङ उपस्थिति रहेको सुदूर पश्चिममा शाखा विस्तार गर्न उहाँले बैंकर्सहरुसँग आग्रह गर्नुभयो ।

एक आपसमा रहेको समान सोच र कार्यशैलीको संयोजनबाट नै गाभ्ने वा गाभिने संस्थाले थप ऊर्जा प्राप्त गर्ने तथ्य गभर्नर डा. नेपालले सो समारोहमा राख्नुभयो । नेपालको समाज, संस्कृति तथा कर्मचारीहरुको अध्ययनको पृष्ठभूमि प्रायः समान नै रहेकोले नेपालमा संस्थाहरुको मर्जर वा प्राप्तिपछिको कर्मचारी व्यवस्थापन अन्य देशहरुको भन्दा सहज हुनुपर्ने दृष्टिकोण राख्दै उहाँले सर्वसाधारण जनताको निक्षेपको सुरक्षित साथ उपयोग गर्न बैंकर्सहरुलाई सुझाव दिनुभयो ।

सोही समारोहमा गभर्नर डा. चिरंजीबि नेपालले प्राइम कमर्सियल बैंक लिमिटेडको केन्द्रीय कार्यालय भवनको समुद्घाटन पनि गर्नुभयो । डेपुटी गभर्नर शिवराज श्रेष्ठको पनि उपस्थिति रहेको उक्त समारोहमा नेपाल राष्ट्र बैंकका अधिकृतहरु, नेपाल बैंकर्स संघका पदाधिकारीहरु लगायत विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रमुख तथा कर्मचारीहरु र पत्रकारहरुका साथै सरोकारवालाहरुको उल्लेख्य उपस्थिति थियो ।

# साइकल र्‍याली/वित्तीय साक्षरता कार्यक्रम

नेपाल राष्ट्र बैंकले वैशाख १४ गते ६२ औं वार्षिकोत्सवको सन्दर्भ पारेर वित्तीय साक्षरता अभियान अन्तर्गत साइकल र्‍यालीको आयोजना गर्‍यो । उक्त र्‍यालीमा गभर्नर डा. चिरंजीबि नेपाल, डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिबराज श्रेष्ठ लगायत नेपाल राष्ट्र बैंकका विभिन्न तहका कर्मचारीहरुका साथै विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरुको सहभागिता रह्यो । वित्तीय साक्षरता सम्बन्धी जानकारीमूलक सन्देशका प्ले कार्ड सहित बालुवाटार कार्यालयबाट सुरु भएको सो साइकल र्‍याली पब्लिक इङलिस सेकेण्डरी स्कुल, टोखा न. पा. १, फ्कोर, काठमाडौंमा पुगी गभर्नरको कार्यालयले आयोजना गरेको वित्तीय साक्षरता कार्यक्रममा समाहित भयो ।




वित्तीय साक्षरता कार्यक्रममा उक्त र आसपासका अन्य २ स्कुल गरी ३ वटा स्कुलका विद्यार्थीहरुको समेत सहभागिता रह्यो । कार्यक्रममा मन्तव्य राख्नुहुँदै गभर्नर डा. चिरंजीबि नेपालले स्थानीय उत्पादन र त्यसको प्रयोगमा जोड दिनुभयो । उहाँले विद्यार्थीहरुलाई उद्यमशील बनी आत्मनिर्भर बन्न अभिप्रेरित गर्नुहुँदै देशमा केही काम गरेर स्वावलम्बी हुन आवश्यक पुँजीका लागि बैंक तथा वित्तीय संस्थाहरुको सहयोग लिन पनि सुझाव दिनुभयो ।



सो कार्यक्रममा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक महेश्वरलाल श्रेष्ठले साइकल र्‍यालीको आयोजना र वातावरणीय प्रभावका सम्बन्धमा प्रकाश पार्नु भएको थियो । गभर्नरको कार्यालयका कायम मुकायम कार्यकारी निर्देशक डा. भुबनेश पन्तले समापन मन्तव्य दिनु भएको सो कार्यक्रमको सुरुमा निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले कार्यक्रमको उद्देश्य बारे जानकारी दिनुका साथै विद्यार्थीहरुलाई आधार भूत वित्तीय ज्ञान प्रदान गर्नु भएको थियो । उपनिर्देशक शम्भुनाथ ढुङ्गानाले सञ्चालन गर्नु भएको सो कार्यक्रममा सहभागी स्कुलहरुलाई वित्तीय जानकारी सम्बन्धी पुस्तकहरु पनि हस्तान्तरण गरिएको थियो ।

# पूर्व कर्मचारी संघद्वारा शुभकामना आदानप्रदान

नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघले वैशाख १७ गते नववर्ष २०७४ को शुभकामना आदानप्रदान तथा नेपाल राष्ट्र बैंकको ६२ औं वार्षिकोत्सवको कार्यक्रम आयोजना गर्‍यो ।

उक्त कार्यक्रममा प्रमुख अतिथि गभर्नर डा. चिरंजीबि नेपालले पूर्व कर्मचारीहरुमा आफूले सेवा गरेको संस्थाप्रति रहेको आस्था र विश्वासको प्रशंसा गर्दै पूर्व कर्मचारीहरुले विगतमा गरेको मेहनतको कारण नै नेपाल राष्ट्र बैंक हालको अवस्थामा आउन सकेको बताउनु भयो । उहाँले ढिलो वा चाँडो सबै कर्मचारी अवकाश हुनुपर्ने भएकोले अवकाशप्राप्त जीवनको लागि सबैले सोच्नुपर्ने उल्लेख गर्नुभयो र पूर्व कर्मचारीका गुनासाहरुलाई सम्बोधन गरिने जानकारी दिनुभयो ।

उक्त कार्यक्रममा शुभकामना मन्तव्य राख्दै पूर्व गभर्नर दीपेन्द्रबहादुर क्षेत्रीले बैंकमा कार्यरत रहँदाका घटनाहरुको स्मरण गर्नुभयो । पूर्व गभर्नर सत्येन्द्रप्यारा श्रेष्ठले सबैसँग भेटघाट हुने अवसर मिलेकोमा खुसी व्यक्त गर्नुभयो । पूर्व डेपुटी गभर्नर डा. प्रफुल्लकुमार काफ्लेले राष्ट्र बैंककै कारण आफू समाजमा चिनिएको बताउनु भयो । पूर्व कार्यकारी निर्देशक तथा संघका सल्लाहकार वासुदेवराम जोशीले पनि आफ्ना अनुभवहरु सुनाउनु भयो । पूर्व कार्यकारी निर्देशक तथा संघका अध्यक्ष भोलाराम श्रेष्ठले वित्तीय क्षेत्र स्थायित्वका लागि पूर्व कर्मचारीहरुको योगदान रहेको धारणा राख्नुभयो ।



पूर्व कार्यकारी निर्देशक तथा संघका उपाध्यक्ष रीता पन्तले स्वागत मन्तव्य राख्नु भएको तथा पूर्व कर्मचारीहरु प्रमोद नेपाल र माया गिरीले संचालन गर्नु भएको उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंकका अधिकांश सेवा निवृत्त कर्मचारीहरुको सहभागिता रहेको थियो ।

# डेपुटी गभर्नर शिवाकोटीद्वारा बैंक शाखा उद्‍घाटन

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले बैशाख २४ गते सप्तकोशी विकास बैंकले मोरङको रंगेली र उर्लाबारीमा सञ्चालनमा ल्याउन लागेको नयाँ शाखा कार्यालयहरुको छुट्टाछुट्टै कार्यक्रमका बीच उद्‍घाटन गर्नुभयो ।



शाखा कार्यालय उद्‍घाटन कार्यक्रमको अवसरमा डेपुटी गभर्नर शिवाकोटीले बैंक तथा वित्तीय संस्थाले नेपालको बैंकिङ सेवा तथा वित्तीय पहुँच अभिवृद्धिमा सकारात्मक प्रभाव पार्न सफल रहेको, आर्थिक गतिविधि विस्तारमा सहयोगी सिद्ध भएको, व्यापार व्यवसायको अभिवृद्धिमा टेवा पुर्‍याइरहेको कुरा बताउनु भयो । यसै सन्दर्भमा उहाँले सप्तकोशी विकास बैंकका नयाँ शाखाबाट उपलब्ध हुने सेवाहरुको माध्यमबाट मोरङको रंगेली तथा उर्लाबारी तथा आसपासका क्षेत्रमा बैंकिङ सेवा विस्तारमा उल्लेख्य टेवा पुग्नुका साथै आधुनिक बैंकिङ प्रणालीमा पनि सप्तकोशी विकास बैंक अग्रस्थानमा रहने विश्वास व्यक्त गर्नुभयो । बैंकिङ पहुँच अभिवृद्धि एवम् आर्थिक विकासका लागि सप्तकोशी विकास बैंक सहयोगी हुनेछ भन्ने विश्वास पनि डेपुटी गभर्नर शिवाकोटीले सो अवसरमा व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा विराटनगरका निर्देशक रामु पौडेल तथा गभर्नरको कार्यालयका सहायक निर्देशक प्रेमप्रसाद आचार्यको पनि उपस्थिति रहेको थियो । कार्यक्रममा सप्तकोशी विकास बैंकका अध्यक्ष एवम् सञ्चालकहरु तथा कर्मचारी लगायत स्थानीय बुद्धिजीवी, राजनैतिक दलका प्रतिनिधिहरु, उद्योग व्यवसायीहरु, सुरक्षा समूहका प्रतिनिधि र स्थानीय व्यक्तिहरुको उल्लेख्य उपस्थिति रहेको थियो ।

# एकीकृत निर्देशनहरूमा भएको संशोधन/परिमार्जन सम्बन्धमा अन्तरक्रिया

बैंक तथा वित्तीय संस्था नियमन विभागले एकीकृत निर्देशनहरुमा भएका संशोधन/परिमार्जन सम्बन्धमा सुपरिवेक्षण विभागहरुसँग वैशाख २७-२८ मा काठमाडौंमा आवासीय अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।



उक्त कार्यक्रममा डेपुटी गभर्नर शिवराज श्रेष्ठले अन्तरक्रियाको उद्देश्य सहित यस्तो कार्यहरुबाट नीति निर्माणमा पृष्ठपोषण मिल्ने विचार व्यक्त गर्नुभयो । आयोजक विभागको तर्फबाट कार्यपत्र प्रस्तुत गर्दै कार्यकारी निर्देशक नारायणप्रसाद पौडेलले नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई मिति २०७३/०४/०१ देखि २०७४/०१/२० सम्म जारी भएका निर्देशनहरुको औचित्यता सम्बन्धमा प्रकाश पार्नुभयो । विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक भिष्मराज ढुङ्गाना, बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक महेश्वरलाल श्रेष्ठ र लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका का. मु. कार्यकारी निर्देशक उपेन्द्रकुमार पौडेलले आ-आफ्ना विभागसँग सम्बन्धित विषयहरुमा प्रष्ट पार्नुभयो ।



त्यसैगरी, एकीकृत निर्देशनहरु कार्यान्वयनको क्रममा देखिएका कठिनाइ र सबल पक्षबारे चर्चा गर्दै विकास बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक लक्ष्मीप्रपन्न निरौला, वित्त कम्पनी सुपरिवेक्षण विभागका का. मु. कार्यकारी निर्देशक एजिन्द्रप्रसाद लुईंटेल, बैंक सुपरिवेक्षण विभागका निर्देशक मुकुन्दकुमार क्षेत्री र लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका निर्देशक देवकुमार ढकालले समीक्षात्मक प्रस्तुति राख्नुभयो भने कानून महाशाखाको तर्फबाट उप-निर्देशक नीरा ताल्चाभडेलले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ का बारेमा चर्चा गर्नुभयो ।

एकीकृत निर्देशनहरु कार्यान्वयनको क्रममा देखिएका कठिनाइ र सबल पक्षबारे अनुभवको आदानप्रदान गर्ने उद्देश्यले आयोजित उक्त कार्यक्रममा आयोजक विभाग, ४ वटा सुपरिवेक्षण विभागहरु, विदेशी विनिमय व्यवस्थापन विभाग र कानून महाशाखा समेतबाट कार्यकारी निर्देशकहरु सहित कुल ४१ जना कर्मचारीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा आयोजक विभागका निर्देशक हरिशरण के. सी. ले स्वागत मन्तव्य राख्दै अन्तरक्रिया कार्यक्रमले सहभागी विभागहरु बीचको समन्वय र सहकार्यलाई थप मजबुत बनाउने धारणा राख्नु भएको थियो ।

# विराटनगरमा तथ्याङ्क सम्बन्धी गोष्ठी

वैशाख १७ गते बैंक तथा वित्तीय संस्था नियमन विभागद्वारा विराटनगरमा तथ्याङ्क सम्बन्धी अन्तरक्रियात्मक गोष्ठी कार्यक्रमको आयोजना गरियो ।

उक्त कार्यक्रममा नियमन सम्बन्धी विद्यमान व्यवस्थाका बारेमा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेलले संक्षिप्त प्रस्तुति दिनुभयो । उहाँले सहभागीहरुबाट उठाइएका जिज्ञासाहरुलाई पनि सम्बोधन गर्नुभयो । कार्यक्रमको औचित्य, उद्देश्य तथा महत्वको बारेमा निर्देशक हरिशरण के. सी. ले प्रकाश पार्नुभयो । विराटनगर कार्यालयका निर्देशक रामु पौडेलले वित्तीय पहुँच तथा क्षेत्रीयस्तरका वित्तीय संस्थाहरुको महत्वको बारेमा प्रस्तुति दिनुभयो । उपनिर्देशक सन्तोषकुमार घिमिरेले स्वागत मन्तव्य राख्नुभयो ।





सहायक निर्देशक टेकनाथ पोखरेलले तथ्याङ्क संकलन तथा प्रशोधनसँग सम्बन्धित विभिन्न पक्षहरुमा वार्ता प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा सम्पूर्ण सहभागीहरुका तर्फबाट माउण्ट मकालु डेभलपमेण्ट बैंक लिमिटेडका प्रबन्ध सञ्चालक कुमार खड्काले मन्तव्य राख्नु भएको थियो । कार्यक्रममा पूर्वाञ्चल क्षेत्रस्थित “ख”, “ग” र “घ” वर्गका १७ वटा वित्तीय संस्थाहरुबाट वरिष्ठ अधिकृत तथा तथ्याङ्क सम्बन्धी पदाधिकारीहरु गरी जम्मा ३० जनाको सहभागिता रहेको थियो ।

# नक्कली नोट सम्बन्धी अन्तरक्रिया

विराटनगर कार्यालयले समसामयिक आर्थिक एवम् बैंकिङ गतिविधिको बारेमा सरोकारवालाहरुसँग नियमित रुपमा छलफल तथा अन्तरक्रियात्मक कार्यक्रम गर्ने योजना अनुसार वैशाख २८ गते मोरङ जिल्लास्थित बैंक तथा वित्तीय संस्थाहरुका क्षेत्रीय प्रबन्धक, कार्यकारी अधिकृत, शाखा प्रबन्धक लगायतको उपस्थितिमा बढ्दो नक्कली नोटको कारोबार र सोको नियन्त्रणको उपायहरुको बारेमा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न गर्‍यो ।

उक्त कार्यक्रममा निर्देशक रामु पौडेलले पछिल्लो समयमा नक्कली नोटको प्रयोगमा बढोत्तरी हुन आएकोले सो तर्फ थप चनाखो हुनुपर्ने कुरामा जोड दिनुका साथै नक्कली नोट ल्याउने ग्राहकको सूचना राखी नेपाल राष्ट्र बैंक तथा प्रहरीलाई तत्काल खबर गर्न बैंक तथा वित्तीय संस्थाहरुलाई निर्देशन दिनुभयो । मोरङ्ग जिल्लाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक सन्दिप भण्डारीले नक्कली नोटको कारोबार नियन्त्रण गर्न सुरक्षा निकायले बैंक तथा वित्तीय संस्थाहरुसँग सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्दै नक्कली नोट ल्याउने ग्राहकहरुको सूचना यथासमयमा प्रहरीलाई दिएर त्यस्तो कारोबार नियन्त्रणमा सघाउन बैंक तथा वित्तीय संस्थाहरुलाई आग्रह गर्नुभयो । साथै, स्थानीय निकायको निर्वाचनको समयमा नक्कली नोटको कारोबार बढ्न सक्ने तर्फ सजग गराउदै बैंक तथा वित्तीय संस्थाले आ-आफ्नो कार्यालय, ढुकुटी एवम् नगद व्यवस्थापनको सुरक्षा सम्बन्धी व्यवस्था थप प्रभावकारी बनाउनु पर्ने कुरामा समेत जोड दिनुभयो ।

कार्यक्रमको सञ्चालन विराटनगर कार्यालयका उपनिर्देशक डा. रामशरण खरेलले गर्नु भएका थियो । कार्यक्रममा नक्कली नोटको पहिचान, बैंक तथा वित्तीय संस्थाहरुले नक्कली नोट ल्याउने ग्राहकहरुको पहिचानमा अपनाउनुपर्ने सजगता, नक्कली नोटको कारोबार गर्ने व्यक्ति र सोको मतियारलाई हुन सक्ने कारबाही सम्बन्धमा विद्यमान कानूनी व्यवस्था लगायतका विषयमा उपनिर्देशक मनोहर बस्नेतले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । का. मु. उपनिर्देशक दीपेन्द्र पोखरेल र सहायक निर्देशक सुधिर पौडेलले नक्कली नोट पहिचान गर्न सकिने आधारहरुको बारेमा जानकारी प्रदान गर्नु भएको थियो । कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रमुख एवम् प्रतिनिधिहरुले नक्कली नोटको कारोबारको सम्बन्धमा जनचेतना फैलाउनु पर्नेतर्फ जोड दिनु भएको थियो ।



# ब्याज अनुदान सम्बन्धी अन्तरक्रिया

झापा जिल्लाको विर्तामोडमा वैशाख १५ गते उक्त क्षेत्रका बैंक तथा वित्तीय संस्थाका शाखा कार्यालयका शाखा प्रबन्धक र व्यावसायिक कृषकहरुको उपस्थितिमा व्यावसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७३ को प्रभावकारी कार्यान्वयनका सम्बन्धमा एक दिने जनचेतनामूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।


सो कार्यक्रममा आयोजक बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेलले कृषक तथा बैंकर्सले उठाएका जिज्ञासा, गुनासा तथा सुझावहरुलाई सम्बोधन गर्नुभयो । निर्देशक हरिशरण के. सी. ले कार्यविधिमा रहेका व्यवस्थाहरुका बारेमा कार्यपत्र प्रस्तुत गर्नुभयो । विराटनगर कार्यालयका निर्देशक रामु पौडेलले उक्त क्षेत्रमा कृषि कर्जाको अवस्था सम्बन्धमा संक्षिप्त जानकारी गराउनु भयो ।



बैंक तथा वित्तीय संस्था नियमन विभागका उप-निर्देशक अनुज दाहालले संचालन गर्नु भएको उक्त कार्यक्रममा जिल्ला पशु विकास कार्यालयका कार्यालय प्रमुख कमल दाहालले स्वागत मन्तव्य व्यक्त गर्नुका साथै पशुपालन व्यवसायका सम्बन्धमा संक्षिप्त प्रकाश पार्नु भएको थियो । कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभाग र विराटनगर कार्यालयका पदाधिकारीहरुका साथै जिल्ला पशु विकास कार्यालयका कार्यालय प्रमुख तथा पदाधिकारीहरु, जिल्ला कृषि विकास कार्यालयका प्रतिनिधि र कृषकहरु सहित कुल ७८ जनाको सक्रिय सहभागिता रहेको थियो ।

# शुभकामना आदानप्रदान कार्यक्रम

नववर्ष २०७४, नेपाल राष्ट्र बैंकको ६२ औं वार्षिकोत्सव तथा नेपाल राष्ट्र बैंक कर्मचारी संघको २८ औं स्थापना दिवसको अवसरमा नेपाल राष्ट्र बैंक कर्मचारी संघले वैशाख १५ गते शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गऱ्यो ।



उक्त कार्यक्रममा प्रमुख अतिथिका रुपमा मन्तव्य राख्दै गभर्नर डा. चिरंजीबि नेपालले हरेक कुरालाई सकारात्मक दृष्टिले हेर्नुपर्ने कुरामा जोड दिनुभयो । केन्द्रीय बैंकको विगत र वर्तमानको अवस्था तुलना गरेमा बैंकको यथार्थ तस्विर देखिने उल्लेख गर्दै उहाँले सबैलाई कुण्ठामुक्त रहन आग्रह गर्नुभयो । उहाँले केन्द्रीय बैंकका कर्मचारी युनियनहरु अन्य संघ संस्थाका युनियनहरु भन्दा पनि फरक र चुस्त हुनुपर्ने धारणा पनि राख्नुभयो ।

सो कार्यक्रममा नेपाल राष्ट्र बैंक कर्मचारी संघका पूर्व अध्यक्ष वसन्तराज पाण्डेले शुभकामना मन्तव्य राख्नु भएको थियो । महासचिव गोविन्दप्रसाद भण्डारीले संघको अवधारणा राख्नु भएको थियो । गभर्नर डा. नेपालबाट संघद्वारा प्रकाशित पत्रिका अरुणोदय (अंक २१) को लोकार्पण गरिएको र संघका अध्यक्ष ढुण्डीराज मिश्रले सभापतित्व गर्नु भएको सो कार्यक्रमको संचालन संघका सचिव डण्डप्रसाद खरेलले गर्नु भएको थियो ।

# जनकपुर कार्यालयमा स्वागत तथा विदाई कार्यक्रम सम्पन्न

जनकपुर कार्यालयमा सरुवा भई आउनु भएका उपनिर्देशक माधव दंगालको स्वागत तथा कार्यालयबाट सरुवा हुनु भएका सहायक निर्देशक मनोहर शिवाकोटीको बिदाई कार्यक्रम वैशाख २५ गते सम्पन्न भयो ।

उक्त कार्यक्रममा निर्देशक तुलसीप्रसाद घिमिरेले मन्तव्य व्यक्त गर्दै टिम वर्कबाट कार्य सम्पादन हुने भएका कारण कार्यालयको काम कारवाही प्रभावकारी हुँदै गएको बताउनु भयो । कर्मचारीहरुले समय पालनामा ध्यान दिनुपर्नेमा जोड दिँदै उहाँले सरुवा भई आउनु भएका उपनिर्देशक दंगाललाई फूलमाला र टीका लगाई स्वागत गर्नुभयो भने सरुवा हुनु भएका सहायक निर्देशक शिवाकोटीलाई फूलमाला तथा टीका लगाई कार्यालयको तर्फबाट उपहार सहित बिदाई गर्नुभयो । कार्यक्रममा उपनिर्देशक दंगालले कार्यालयको कार्य सम्पादन समूहको भावनाले गर्नुपर्ने बताउँदै प्रतिष्ठित संस्थाको प्रतिष्ठा कायम हुने गरी कार्य गर्ने बताउनु भयो । सहायक निर्देशक शिवाकोटीले जनकपुर कार्यालयमा रहँदाको अनुभव सुनाउनु भयो ।

उपनिर्देशक वासुदेव भट्टराईले स्वागत मन्तव्य दिँदै कर्मचारी जीवनमा सरुवा नियमित प्रक्रिया भएको र यसले फरक फरक कामको अनुभव प्रदान गर्दै परिपक्व बनाउने धारणा राख्नु भएको सो कार्यक्रममा उपनिर्देशकद्वय प्रल्हाद गिरी तथा रामवृक्ष पण्डित लगायतका कर्मचारीहरुको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन सहायक निर्देशक रामकाजी खाइजूले गर्नु भएको थियो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंक कर्मचारी संघ, जनकपुरका उपाध्यक्ष शिवनारायण झा, नेपाल वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्र बैंक जनकपुरका अध्यक्ष गंगेशकुमार झा र नेपाल राष्ट्रिय कर्मचारी संगठन, नेपाल राष्ट्र बैंक जनकपुरका अध्यक्ष उदयकुमार मण्डलले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो ।

यसअघि जनकपुर कार्यालयले वैशाख १२ गते कार्यालयबाट सरुवा हुनु भएका सहायक समिता श्रेष्ठको बिदाई कार्यक्रम आयोजना गरेको थियो ।

# ६२ औं वार्षिकोत्सवका अवसरमा विभिन्न कार्यक्रमहरूको आयोजना

नेपाल राष्ट्र बैंकको ६२ औ वार्षिकोत्सवको अवसरमा काठमाडौंस्थित कार्यालयहरु लगायत उपत्यका बाहिरका सबै कार्यालयहरुमा विभिन्न कार्यक्रमहरु आयोजना गरियो । सो अवसरमा काठमाडौंमा फुटबल, ब्याडमिण्टन, बाल चित्रकला, हाजिरीजवाफ, आर्थिक लेख तथा रक्तदान जस्ता खेल/ प्रतियोगिता/कार्यक्रम सम्पन्न भए ।

## मैत्रीपूर्ण फुटबल प्रतियोगिता



टिम ए



टिम बी

वैशाख २ गते मैत्रीपूर्ण फुटबल खेल सम्पन्न भयो । डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी (टिम ए) र डेपुटी गभर्नर शिबराज श्रेष्ठ (टिम बी) बीच भएको सो रोमाञ्चक खेलमा टिम बी विजयी भयो । बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक बृहत श्रेष्ठ प्रतियोगिताको उत्कृष्ट खेलाडी घोषित हुनुभयो ।

## ब्याडमिण्टन प्रतियोगिता

ब्याडमिण्टन खेल चैत २४ गतेदेखि सुरु भयो । एक्जुक्युटिभ एकल, महिला एकल, पुरुष एकल, पुरुष डबल र भेट्रान डबल गरी ५ समूहमा खेलाइएको सो खेलमा एक्जुक्युटिभ एकलतर्फ रमण नेपाल प्रथम, बमबहादुर मिश्र द्वितीय तथा ऋषिकेश भट्ट र मुकुन्दकुमार क्षेत्री तृतीय हुनुभयो । महिला एकलतर्फ नीरा ताल्चाभडेल प्रथम, बिमला लुईंटेल द्वितीय तथा सरिता अधिकारी र रागिनी सिंह तृतीय हुनु भयो । पुरुष एकलतर्फ धनबहादुर तामाङ प्रथम, कालु तामाङ द्वितीय तथा रेशमबहादुर बल्छौंडी र बबी के. सी. तृतीय हुनुभयो । त्यसैगरी, पुरुष डबलतर्फ रेशमबहादुर बल्छौडी र डिलाराम सुवेदीको जोडी प्रथम, बबी के. सी. र टेकबहादुर साउदको जोडी द्वितीय, राजिव रेग्मी र झंकनाथ ढकाल तथा धनबहादुर तामाङ र कालु तामाङको जोडी तृतीय हुनुभयो । भेट्रान डबलतर्फ रमण नेपाल र रेशमबहादुर बल्छौंडीको जोडी प्रथम, बाबुराम सुवेदी र पदमराज जोशीको जोडी द्वितीय, सिंहमान महर्जन र बिबिसेन महर्जन तथा सुमन डंगोल र मदनकुमार श्रेष्ठको जोडी तृतीय हुनुभयो ।

## बाल चित्रकला प्रतियोगिता

बाल चित्रकला प्रतियोगिता वैशाख २ गते आयोजना गरिएको थियो । सो प्रतियोगितामा सहभागीहरुलाई विभिन्न ४ समूहमा विभाजन गरिएको थियो । प्रतियोगिताको नर्सरीदेखि कक्षा १ सम्मको समूहमा कृशाङ्ग धुँजू (अभिभावक- कृष्णराम धुँजू) प्रथम, गितिका न्यौपाने (अभिभावक- सुमन न्यौपाने) द्वितीय र अभ्युदय पण्डित (अभिभावक- किरण पण्डित) तृतीय हुनुभयो । उपास्ती दाहाल (अभिभावक- सुनीता कार्की) तथा सुप्रिया फुयाँल (अभिभावक- सुदीप फुयाँल) ले सान्त्वना पुरस्कार प्राप्त गर्नुभयो । कक्षा २ देखि कक्षा ४ सम्मको समूहमा आइसा सुनुवार (अभिभावक- अशोककुमार सुनुवार) प्रथम, सौजन्य पोखरेल (अभिभावक- मीनप्रसाद पोखरेल) द्वितीय र रुद्रांश भट्ट (अभिभावक- कृति भट्ट) तृतीय हुनुभयो । इनाप ताम्राकार (अभिभावक- नीरा ताल्चाभडेल) र सुप्रित पोखरेल (अभिभावक- टेकनाथ पोखरेल) ले सान्त्वना पुरस्कार प्राप्त गर्नुभयो । कक्षा ५ देखि कक्षा ७ सम्मको समूहमा सुजल पाण्डे (अभिभावक- यज्ञप्रसाद पाण्डे) प्रथम, सायुध पंगेनी (अभिभावक- दयाराम शर्मा पंगेनी) द्वितीय र चेतना शर्मा (अभिभावक- तेजनारायण ठाकुर) तृतीय हुनुभयो । स्नेहा तिमिल्सिना (अभिभावक- रुद्र तिमिल्सिना) र आयाश राई (अभिभावक- अशोककुमार राई) ले सान्त्वना पुरस्कार प्राप्त गर्नुभयो । कक्षा ८ देखि कक्षा १० सम्मको समूहमा श्रेया तिमिल्सिना (अभिभावक- साधुराम तिमिल्सिना) प्रथम, विजयराज खड्का (अभिभावक- भोलाराज खड्का) द्वितीय र स्वीकृति पोखरेल (अभिभावक- मीनप्रसाद पोखरेल) तृतीय हुनुभयो । अविरल रेग्मी (अभिभावक- पदमराज रेग्मी) र सुश्रुत रिमाल (अभिभावक- राजेन्द्र रिमाल) ले सान्त्वना पुरस्कार प्राप्त गर्नुभयो ।

## हाजिरीजवाफ प्रतियोगिता

वैशाख १२ गते अन्तर विभागीय हाजिरीजवाफ प्रतियोगिता सम्पन्न भयो । ९ वटा टोली सहभागी रहेको उक्त प्रतियोगितामा बैंक तथा वित्तीय संस्था नियमन विभाग (टेकनाथ पोखरेल, मदन पण्डित र सुशील ज्ञवालीको टोली) प्रथम भयो । गभर्नरको कार्यालय (शम्भुनाथ ढुङ्गाना, सौरभ पोखरेल र सिर्जना श्रेष्ठको टोली) र बैंक सुपरिवेक्षण विभाग (बृहत श्रेष्ठ, सुनिल भण्डारी र निरज अधिकारीको टोली)

क्रमश: ८ पेजमा



क्रमशः द्वितीय र तृतीय भए । लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग (रामहरि दाहाल, शिवप्रसाद पहारी र समीरहरि शर्माको टोली) ले सान्त्वना पुरस्कार प्राप्त गऱ्यो ।

## रक्तदान कार्यक्रम

गभर्नर डा. चिरंजीबि नेपालको समुपस्थितिमा वैशाख १२ गते बैंकिङ कार्यालय, थापाथलीमा र वैशाख १३ गते केन्द्रीय कार्यालय, बालुवाटारमा रक्तदान कार्यक्रम सम्पन्न भयो । दुवै स्थानका रक्तदान कार्यक्रममा बैंकका सबै तहका कर्मचारीहरुको उल्लेख्य सहभागिता रह्यो ।

## आर्थिक लेख प्रतियोगिता

विगतका वर्षहरुमा झैं यस वर्ष पनि बैंकको वार्षिकोत्सवको उपलक्ष्यमा गभर्नरको कार्यालयले बैंकमा कार्यरत कर्मचारीहरु बीच आर्थिक लेख प्रतियोगिताको आयोजना गरेको थियो । सो प्रतियोगितामा सहायक निर्देशक गुणराज भट्ट प्रथम, निर्देशक निलम ढुङ्गाना तिम्सिना द्वितीय र



सहायक निर्देशक पुष्पचन्द्र खनाल तृतीय हुनुभयो ।

उपर्युक्त खेल/प्रतियोगिता/कार्यक्रम मध्ये आर्थिक लेख प्रतियोगिताका विजयीहरुलाई वैशाख १४ गते र अन्यका विजयीहरुलाई अघिल्लो दिन (वैशाख १३ गते) गभर्नर डा. चिरंजीबि नेपालले पुरस्कार वितरण गर्नु भएको थियो ।

## पोखरा कार्यालय

डेपुटी गभर्नर शिवराज श्रेष्ठले नेपाल राष्ट्र बैंकको ६२ औं वार्षिकोत्सवको उपलक्ष्यमा पोखरा कार्यालयले आयोजना गर्ने अतिरिक्त क्रियाकलापको चैत्र २६ गते बिहान ब्याडमिण्टन खेलबाट उद्घाटन गर्नु भएको थियो ।




सो अवसरमा डेपुटी गभर्नर श्रेष्ठले मानसिक तथा शारीरिक स्वस्थताका लागि मात्र नभई कर्मचारीहरु बीच सुमधुर सम्बन्ध बनाउन पनि अतिरिक्त क्रियाकलाप आवश्यक रहेको हुनाले नेपाल राष्ट्र बैंकका सबै कार्यालयहरुले वार्षिकोत्सवको अवसरमा यस्ता कार्यक्रमहरुलाई नियमितता दिने गरेको बताउनु भएको थियो । का. मु. निर्देशक अमर अधिकारीले पोखरा कार्यालयले यस वर्ष अतिरिक्त क्रियाकलाप अन्तर्गत ब्याडमिण्टन, फुटसल, म्युजिकल चियर, घैंटो फुटाइ प्रतियोगिता तथा रक्तदान कार्यक्रम राखेको रहेको जानकारी गराउनु भएको थियो । अतिरिक्त क्रियाकलापहरु संचालन गर्न पोखरा कार्यालयमा का. मु. निर्देशक अमर अधिकारी संयोजकत्वमा समिति गठन गरिएको थियो । सहायक निर्देशक दिपेश प्रधानले उक्त समितिमा सदस्य सचिवका रुपमा कार्य गर्नु भएको थियो ।

## विराटनगर कार्यालय

विराटनगर कार्यालयले वैशाख १४ गते बैंकको ६२ औं वार्षिकोत्सव विशेष समारोह विराटनगरस्थित सरकारी कार्यालय तथा बैंक तथा वित्तीय संस्थाहरुका प्रमुख/प्रतिनिधि, उद्योग तथा व्यापार संघ/संगठनहरुका प्रतिनिधि, बुद्धिजीवी, पत्रकार र बैंकका भूतपूर्व एवम् कार्यरत कर्मचारीहरुको उपस्थितिमा सम्पन्न गऱ्यो ।

उक्त कार्यक्रममा प्रमुख अतिथि विराटनगर उच्च अदालतका माननीय मुख्य न्यायाधीश डा. कुलरत्न भूर्तेलले विगतमा नेपाल राष्ट्र बैंक ऐन, बैंक तथा वित्तीय संस्था ऐन, बैंकिङ कसुर ऐन लगायत वित्तीय क्षेत्रसँग सम्बन्धित ऐनहरुको मस्यौदा कार्यमा आफ्नो संलग्नता स्मरण गर्दै नेपाल राष्ट्र बैंकले मुलुकको सर्वाङ्गीण विकासको लागि खेल्दै आएको भूमिकाको प्रशंसा गर्नुभयो । उहाँले विगतमा लामो समयसम्म मुलुकमा राजनैतिक संक्रमण रहेको अवस्थामा समेत बैंकको उपयुक्त मौद्रिक तथा वित्तीय नीति र कुशल भूमिकाको कारण अर्थतन्त्र सबल रहन सकेको सन्दर्भ उल्लेख गर्नुभयो ।

निर्देशक रामु पौडेलले समष्टिगत अर्थतन्त्रको परिदृष्यको बारेमा संक्षिप्त चर्चा गर्दै विराटनगर कार्यालयको कार्यक्षेत्रमा पर्ने पूर्वी नेपालको आर्थिक परिदृष्य, वित्तीय पहुँच एवम् वित्तीय समावेशीकरणको स्थितिको बारेमा उल्लेख गर्नुभयो । विराटनगर कार्यालयबाट विगत एक वर्षमा

क्रमशः ९ पेजमा

सम्पादित मुख्य मुख्य कार्यहरुको समेत संक्षिप्त विवरण पेश गर्नुका साथै उहाँले नेपाल राष्ट्र बैंकको उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउनु हुने बैंक तथा वित्तीय संस्था र कार्यालयका कर्मचारीहरु सहित वार्षिक उत्सव कार्यक्रमका संयोजक एवम् विभिन्न खेलकुद उपसमितिमा रहेर भूमिका निर्वाह गर्नुहुने सबै सरोकारवालाहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो ।



कार्यक्रममा मोरङ जिल्लाका का.मु. प्रमुख जिल्ला अधिकारी, उद्योग एवम् व्यापार संगठनका अध्यक्ष , प्राध्यापक, बैंक तथा वित्तीय संस्थाहरुका प्रतिनिधि, भूतपूर्व कर्मचारी संघ मोरङका प्रवक्ता, नेपाल राष्ट्र बैंक विराटनगरस्थित कर्मचारी युनियनहरुका अध्यक्षहरु लगायतले बैंकको वार्षिकोत्सवको अवसरमा शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो । उपनिर्देशक डा. रामशरण खरेलको स्वागत मन्तब्य राख्नु भएको तथा उपनिर्देशक मनोहर बस्नेतले धन्यवाद ज्ञापन गर्नु भएको उक्त कार्यक्रमको संचालन कार्यालयका सहायक चन्दन सिंह चौधरीले गर्नुभएको थियो ।

उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंकको ६२ औं वार्षिक उत्सवको अवसरमा विराटनगर कार्यालयले कर्मचारी, कर्मचारीहरुको परिवारजन र भूतपूर्व कर्मचारीहरुको लागि आयोजना गरेका विभिन्न अतिरिक्त क्रियाकलापहरुका विजेताहरुलाई पुरस्कार, प्रशंसापत्र तथा प्रमाणपत्र प्रदान गरिएको थियो । विराटनगर कार्यालयले सो अवसरमा रक्तदान कार्यक्रम र तीन दिने ध्यान शिविर सम्पन्न गर्नुको साथै व्याडमिन्टन, टेबल टेनिस, हंडिफोर, म्युजिकल बल, नोट काउण्टिङ र अन्तरफाँट हाजिरीजवाफ प्रतियोगिता आयोजना गरेको थियो । साथै, कर्मचारीहरुको सन्ततिहरुको लागि हिसाब दौड र बालचित्रकला प्रतियोगिताको पनि आयोजना गरिएको थियो । त्यसैगरी, भूतपूर्व कर्मचारीहरुका लागि भूतपूर्व म्यूजिकल बल प्रतियोगिता समेत सम्पन्न गरिएको थियो ।

## जनकपुर कार्यालय

जनकपुर कार्यालयमा बैंकको ६२ औं वार्षिकोत्सव विभिन्न कार्यक्रम आयोजना गरी मनाइयो । वैशाख १४ गते ६२ औं वार्षिकोत्सव समारोहको आयोजना गरियो । उक्त समारोहमा निर्देशक तुलसीप्रसाद घिमिरेले वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित विभिन्न प्रतियोगिताका विजयी कर्मचारीहरुलाई पुरस्कार तथा प्रमाणपत्र, रक्तदान कार्यक्रमका



सहभागीहरुलाई कदरपत्र र कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न सक्रिय सहयोग गर्ने कर्मचारीहरुलाई प्रशंसापत्र प्रदान गर्नुभयो ।

उक्त समारोहलाई सम्बोधन गर्दै निर्देशक घिमिरेले नेपाल राष्ट्र बैंक स्थापना भए यताका उपलब्धि, भावी जिम्मेवारी तथा चुनौतीहरुको चर्चा गर्नुभयो । कार्यालयका सम्पूर्ण अधिकृत तथा कर्मचारीहरुको सक्रिय सहयोगबाट नै कार्यालयको कामकारवाही प्रभावकारी भएको बताउँदै उहाँले यसलाई निरन्तर कायम राख्नुपर्ने बताउनु भयो । समारोहको अन्तमा उहाँले बैंकको वार्षिकोत्सवको केक काट्नु भएको थियो ।

राष्ट्रिय गानबाट सुरु भएको उक्त समारोहमा कार्यालयका वासुदेव भट्टराईले स्वागत मन्तव्य दिनु भएको थियो भने नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघ, जनकपुरका अध्यक्ष शंकरलाल कर्ण, नेपाल राष्ट्र बैंक कर्मचारी संघ, जनकपुरका उपाध्यक्ष शिवनारायण झा, नेपाल वित्तीय संस्था कर्मचारी संघ, जनकपुरका अध्यक्ष गंगेशकुमार झा, नेपाल राष्ट्रिय कर्मचारी संगठन, जनकपुरका अध्यक्ष उदयकुमार मण्डल र नेपाल राष्ट्र बैंक, वीरगञ्ज कार्यालयका तत्कालीन व्यवस्थापक भोलाप्रसाद साहले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो । कार्यालयका उपनिर्देशक, सहायक निर्देशक लगायतका कर्मचारीहरुका साथै पूर्व कर्मचारीहरुको उल्लेख्य उपस्थिति रहेको उक्त समारोहको सञ्चालन सहायक निर्देशक पुष्करराज भट्टराईले गर्नु भएको थियो ।

जनकपुर कार्यालयमा वार्षिकोत्सवमा आयोजित खेलकुद मध्ये म्युजिकल चेयर प्रतियोगितामा वासुदेव भट्टराई प्रथम, सुरेश रेग्मी द्वितीय र पुष्करराज भट्टराई तृतीय हुनु भएको थियो । घैंटो फोड प्रतियोगितामा शिवशंकर झा प्रथम, समिता श्रेष्ठ द्वितीय र राजन बस्नेत तृतीय हुनु भएको थियो । तातो आलु प्रतियोगितामा शिवशंकर झा प्रथम, पञ्चलाल यादव द्वितीय र रामविलास महतो तृतीय हुनु भएको थियो । १०० मिटर दौड प्रतियोगितामा शिवनारायण झा प्रथम, वासुदेव भट्टराई द्वितीय र देवेन्द्र खड्का तृतीय हुनु भएको थियो । यसै गरी टेबल टेनिस एकल प्रतियोगितामा सुमन मैनाली प्रथम, प्रकाश पोखेल द्वितीय र सुजनकुमार विश्वकर्मा तृतीय हुनु भएको थियो । ब्याडमिन्टन एकल प्रतियोगितामा हरि गौतम प्रथम, प्रकाश पोखेल द्वितीय र वासुदेव भट्टराई तृतीय हुनु भएको थियो । ब्याडमिन्टन डबल प्रतियोगितामा हरि गौतम र सुजनकुमार विश्वकर्माको जोडी प्रथम, प्रकाश पोखेल

क्रमशः १० पेजमा

र रीतबहादुर अधिकारीको जोडी द्वितीय तथा रामकाजी खाइजू र पुष्कर‌राज भट्टराईको जोडी तृतीय हुनु भएको थियो । नोट गिन्ती प्रतियोगितामा सुरेश रेग्मी प्रथम, शिवशंकर झा द्वितीय र विश्वनाथ अधिकारी तृतीय हुनु भएको थियो । साथै, हाजिरी जवाफ प्रतियोगितामा हरि गौतम, विश्वनाथ अधिकारी र श्री किशोरी मण्डलको समूह प्रथम, सुरेश रेग्मी, प्रकाश पोखेल र गंगेशकुमार झाको समूह द्वितीय तथा सुजनकुमार विश्वकर्मा, जयराज कोइराला र रीतबहादुर अधिकारीको समूह तृतीय भएको थियो ।

वार्षिकोत्सवको अवसरमा वैशाख १२ गते रक्तदान कार्यक्रमको पनि आयोजना गरेको थियो । उक्त रक्तदान कार्यक्रममा २ महिला सहित २४ जनाको सहभागिता थियो । वासुदेव भट्टराई, गंगेशकुमार झा, हरि गौतम, विश्वनाथ अधिकारी, सियाराम यादव, प्रदिपकुमार पाठक, सुरेश रेग्मी, सुजनकुमार विश्वकर्मा, ज्ञानबहादुर बस्नेत, विजयकुमार न्यौपाने, राजकिशोर ठाकुर, बच्चुराम खड्का, चन्द्रबहादुर वि. क., तुलबहादुर राना, खगिराम सावद, गणेश राउत, लक्ष्मण थापामगर, माधव काफ्ले, कलमबहादुर खत्री, रामबलि राम, लिलामाया भुजेल, मन्तोरिया देवी, राकेशकुमार शर्मा र नरेन्द्रप्रसाद जोशीले रक्तदान गर्नु भएको थियो ।



वार्षिकोत्सवको उपलक्ष्यमा कार्यालयका निर्देशक सहित अन्य अधिकृत तथा कर्मचारीहरुको सहभागितामा वैशाख १४ गते कार्यालयको हातामा सरसफाइ पनि गरेका थियो ।

## वीरगञ्ज कार्यालय

वीरगञ्ज कार्यालयमा बैंकको ६२ औं वार्षिकोत्सव वैशाख १४ गते एक कार्यक्रम गरी सम्पन्न गरियो । कार्यक्रममा विशेष अतिथिको रुपमा सो कार्यालयका पूर्व निर्देशक लक्ष्मीप्रसाद श्रेष्ठ हुनुहुन्थ्यो भने निर्देशक धनन्जय शर्माको समुपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा मन्तव्य व्यक्त गर्नुहुँदै निर्देशक शर्माले देशको वर्तमान आर्थिक तथा वित्तीय गतिविधि माथि प्रकाश पार्नुहुँदै वर्तमान अवस्थामा बैंकका सामु आन्तरिक मूल्य स्थायित्व, वित्तीय क्षेत्र स्थायित्व, वाह्य क्षेत्र स्थायित्व कायम गरी वित्तीय पहुँच अभिवृद्धि गर्न बैंकका सामु अझै चुनौती रहेकाले अझ सचेत, सशक्त र सुझबुझका साथ कार्य गर्नुपर्ने




कुरामा जोड दिनु भएको थियो । कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गर्दै विशेष अतिथि श्रेष्ठले बैंकका कर्मचारीले आफ्नो क्षमता अभिवृद्धि गरी सक्षम बन्दै कुशल कार्यसम्पादन गर्नुपर्ने आवश्यकता माथि प्रकाश पार्नु भएको थियो । कार्यक्रममा वीरगञ्ज कार्यालयका उपनिर्देशक लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो भने निर्देशक शर्मा र अतिथि श्रेष्ठले वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित खेलकुद प्रतियोगिताका विजेताहरुलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नु भएको थियो । उपनिर्देशक प्रदीप भट्टराईले स्वागत मन्तव्य राख्नु भएको सो कार्यक्रम सहायक लालकुमार सुवेदीले सञ्चालन गर्नु भएको थियो ।

खेलकुद प्रतियोगिता मध्ये बुद्धिचाल प्रतियोगितामा सुभाषवीर माथेमा प्रथम तथा अभिनाश गुप्ता द्वितीय, हाजिरीजवाफ प्रतियोगितामा विशाल सर्राफ र पासाङ तामाङको समूह प्रथम तथा लालकुमार सुवेदी र सुरेन्द्र पञ्जियारको समूह द्वितीय भएको थियो । यसै गरी ब्याडमिन्टन एकलतर्फ केशवबहादुर के.सी. प्रथम र अभिनाश गुप्ता द्वितीय तथा ब्याडमिन्टन डबलतर्फ केशवबहादुर केसी र अभिनाश गुप्ताको समूह प्रथम भएको थियो भने ओमनाथ दाहाल र सुरक्षक भानुभक्त गुरुङको समूह द्वितीय भएको थियो । ब्याडमिन्टन महिलातर्फ स्मृति बराल प्रथम तथा शारदा लोहनी द्वितीय हुनुभएको थियो ।

टेबुलटेनिस एकलतर्फ प्रशान्तवल्लभ पन्त प्रथम तथा सागर गौतम द्वितीय हुनु भएको थियो । यसै गरी क्यारामबोर्ड एकलतर्फ बोधविक्रम आले प्रथम र प्रशान्तवल्लभ पन्त द्वितीय हुनु भएको थियो । क्यारामबोर्ड डबलतर्फ इन्द्र दुलाल र बोधविक्रम आलेको समूह प्रथम र प्रशान्तवल्लभ पन्त तथा उत्तमप्रसाद लामिछानेको समूह द्वितीय भएको थियो । यसै गरी १०० मिटर दौडमा सागर गौतम प्रथम तथा अभिनाश गुप्ता द्वितीय, सटपुटतर्फ बोधविक्रम आले प्रथम र प्रशान्तवल्लभ पन्त द्वितीय, हाँडीफोरमा अभिनाश गुप्ता प्रथम तथा प्रशान्तवल्लभ पन्त द्वितीय, महिला म्युजिकल चियरमा स्मृति बराल प्रथम तथा शारदा लोहनी द्वितीय हुनु भएको थियो । नेपाली सेनातर्फको क्यारामबोर्डमा अशोककुमार चौधरी प्रथम र मणिकुमार श्रेष्ठ द्वितीय हुनुभएको थियो ।



क्रमशः ११ पेजमा

## सिद्धार्थनगर कार्यालय

बैंकको ६२ औं वार्षिकोत्सव सिद्धार्थनगर कार्यालयले विभिन्न कार्यक्रम गरी मनायो । मूल कार्यक्रम रुपन्देही जिल्लाका प्रमुख जिल्ला अधिकारी विनोदप्रकाश सिंहको प्रमुख आतिथ्यता र निर्देशक रेवतीप्रसाद नेपालको सभापतित्वमा वैशाख १४ गते आयोजना गरियो । उक्त कार्यक्रममा सिद्धार्थनगर कार्यालयमा संचालित अन्तरबैंक मैत्रीपूर्ण फुटबल खेल, हण्डीफोर प्रतियोगिता, बाल प्रतियोगिता, टेबलटेनिस प्रतियोगिता तथा ब्याडमिन्टन प्रतियोगिताका विजयीहरुलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरियो । कार्यक्रममा रुपन्देही जिल्लाका प्रमुख जिल्ला अधिकारी विनोदप्रकाश सिंहले देशको मौद्रिक व्यवस्थापन तथा वित्तीय पहुंच बढाउन नेपाल राष्ट्र बैंकले खेलेको भूकिकाको प्रशंसा गर्दै ग्रामीण क्षेत्रमा सेवा विस्तारको लागि थप पहल आवश्यक रहेको बताउनु भयो । निर्देशक रेवतीप्रसाद नेपाले देशको समग्र वित्तीय



प्रणाली र दिगो आर्थिक बिकासमा बैंकिङ क्षेत्रको योगदानको बारेमा चर्चा गर्दै सिद्धार्थनगर कार्यालयले सम्पादन गर्दै आएका कार्यहरु थप प्रभावकारी तवरले सम्पादन गर्ने र सेवाग्राहीहरुमा समर्पित रही कुनै गुनासो नआउने गरी कार्य सम्पादनमा लाग्न सबै कर्मचारीहरुलाई आग्रह गर्नुभयो ।

उपनिर्देशक विज्ञानराज सुवेदीले बैंकको कार्यक्रमहरुको बारेमा प्रकाश पार्दै स्वागत मन्तव्य व्यक्त गर्नु भएको उक्त कार्यक्रमको सञ्चालन सहायक निर्देशक कृष्णप्रसाद शर्माले गर्नु भएको थियो । उक्त कार्यक्रममा कर्मचारी संघ सिद्धार्थनगर समितिका अध्यक्ष शंकरप्रसाद भट्टराई, नेपाल वित्तीय संस्था कर्मचारी संघ, सिद्धार्थनगर शाखा समितिका उपाध्यक्ष देवराज ज्ञवाली तथा पूर्व कर्मचारी संघ सिद्धार्थनगरका अध्यक्ष डिगबहादुर विश्वकर्माले शुभकामना मन्तव्य राख्नु भएको थियो । उक्त कार्यक्रममा स्थानीय सुरक्षा निकायका प्रमुखहरु, बैंक तथा वित्तीय संस्थाका प्रमुखहरु, सरकारी कार्यालयका प्रतिनिधि, पूर्व कर्मचारीहरु, उद्योग बाणिज्य संघका स्थानीय प्रतिनिधिहरु तथा कार्यालयका कर्मचारीहरु गरी करीव ८० जनाको सहभागिता रहेको थियो ।

६२ औं वार्षिकोत्सवको उपलक्ष्यमा आयोजना गरिएका विभिन्न प्रतियोगिताहरुमध्ये फुटबल प्रतियोगितामा "क" वर्गको बाणिज्य बैंक समूह विजयी भएको थियो । टेबलटेनिस र हण्डीफोर प्रतियोगितामा दीपक गौतमले प्रथम स्थान प्राप्त गर्नु भएको थियो । बाल चित्रकला प्रतियोगितामा नर्सरीदेखि कक्षा २ सम्म, कक्षा ३ देखि कक्षा ५ सम्म र कक्षा ६ देखि कक्षा १० सम्मका क्रमशः रितिका शर्मा, सगुन धवल र दिवश गौतम तहगत रुपमा प्रथम/प्रथम स्थान हासिल गर्नु भएको थियो । सोही अवसरमा टेबलटेनिस प्रतियोगिता र ब्याडमिन्टन प्रतियोगिताका संयोजक ऋषिराम बराल, फुटबल प्रतियोगिता र हण्डीफोर प्रतियोगिताका संयोजकहरु क्रमशः रामप्रसाद न्यौपाने र देवराज ज्ञवालीलाई सम्मानपत्र वितरण गरिएको थियो ।

## नेपालगञ्ज कार्यालयमा

नेपाल राष्ट्र बैंकको ६२ औं वार्षिकोत्सव नेपालगञ्ज कार्यालयले विभिन्न कार्यक्रम गरी भव्यताका साथ सम्पन्न गर्‍यो । कार्यालयका वरिष्ठ उपनिर्देशकको संयोजकत्वमा अतिरिक्ति क्रियाकलाप समितिको गठन गरी सबै कर्मचारीहरु सहभागी हुने हिसाबले आउटडोर र इनडोर खेलकुदको आयोजना गरिएको थियो । उक्त अवसरमा ब्याडमिण्टन, भलिबल, चेस, क्यारेमबोर्ड, टेबुलटेनिस लगायतका खेलकुदहरु कार्यालय परिसर भित्रै आयोजना गरिएका थिए भने मैत्रीपूर्ण फुटबल खेल नेपालगञ्ज रंगशालामा आयोजना गरिएको थियो । यसैगरी, कर्मचारीका छोराछोरीहरुलाई सहभागी गराउन बालचित्रकला प्रतियोगिताको आयोजना गरिएको थियो भने पूर्व कर्मचारीहरुलाई सहभागी गराउन घैंटो फोड्ने कार्यक्रम समेत समावेश गरिएको थियो ।




वैसाख १४ गते कार्यालय समय पश्चात आयोजना गरिएको वार्षिकोत्सव कार्यक्रममा कार्यालयका सम्पूर्ण कर्मचारी, नेपालगञ्ज क्षेत्रका सबैजसो बैंक तथा वित्तीय संस्थाका शाखा प्रवन्धक, पूर्व कर्मचारी तथा पत्रकार समेत गरी करिब १५० जनाको सहभागिता रहेको थियो । कार्यक्रमलाई कार्यालयका निर्देशक गुरुप्रसाद पौडेलले सम्बोधन गर्दै नेपाल राष्ट्र बैंकले स्थापनाकालीन उद्देश्यहरु पूरा गर्दै मुलुकको वित्तीय क्षेत्रको स्थायित्वलाई प्रभावकारी ढंगले सम्बोधन गर्न सफल भएकाले नेपाल राष्ट्र बैंक मुलुककै गर्व गर्न लायक संस्था रहेको र आफूहरु यस्तो संस्थाको कर्मचारी हुन पाउँदा गर्व महसुस गरेको विचार व्यक्त गर्नुभयो ।

कार्यक्रमको शुरुआतमा उपनिर्देशक शैलेन्द्र रेग्मीले स्वागत मन्तव्य राख्नु भएको थियो भने अर्का उपनिर्देशक पूर्णबहादुर महर्जनले उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो । कार्यक्रमलाई नेपाल राष्ट्र

बाँकी अन्तिम पेजमा




बैंक पूर्व कर्मचारी संघ नेपालगञ्ज शाखा समितिका अध्यक्ष, नेपाल राष्ट्र बैंक वित्तीय संस्था कर्मचारी संघ एवम् नेपाल राष्ट्र बैंक कर्मचारी संघ नेपालगञ्ज शाखा समितिका अध्यक्षहरुले शुभकामना मन्तव्य राख्नु भएको थियो । कार्यक्रमको सञ्चालन सहायक आस्था सुवेदीले गर्नु भएको थियो ।

## धनगढी कार्यालय

धनगढी कार्यालयमा बैंकको ६२ औं वार्षिकोत्सव विभिन्न कार्यक्रमहरु आयोजना गरी मनाइयो । निर्देशक विश्रुत थापाको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा उहाँले विभिन्न बैंक तथा वित्तीय संस्था, लघुवित्त वित्तीय संस्था, सहकारी संस्था लगायतका कार्यालयहरुका प्रतिनिधि, आर्थिक पत्रकारहरु तथा नेपाल राष्ट्र बैंकका पूर्व कर्मचारीहरुलाई प्रदेश नम्बर ७ को बैंक तथा वित्तीय संस्था तथा समसामयिक बैंकिङ, आर्थिक गतिविधि तथा समष्टिगत आर्थिक स्थिति तथा यस क्षेत्रमा धनगढी कार्यालयले गरिरहेको विभिन्न आर्थिक क्रियाकलापको सन्दर्भमा जानकारी दिनु भएको थियो । प्रमुख अतिथि सत्यप्रकाश ओझाले बैंकको वार्षिकोत्सवको उपलक्ष्यमा शुभकामना व्यक्त गर्दै नेपाल राष्ट्र बैंकको कार्यमा सन्तोष व्यक्त गर्नुभयो । बैंकमा कार्यरत यूनियनहरुका अध्यक्ष तथा सचिवहरुले पनि उक्त अवसरमा शूभकामना मन्तब्य दिनु भएको थियो ।

सहायक निर्देशक पुष्पराज शर्मा बिनाडीबाट संचालित उक्त वार्षिकोत्सव कार्यक्रममा विजयी कर्मचारीहरुलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो । वार्षिकोत्सव भव्य रुपमा मनाउन कार्यालयका उपनिर्देशक रमेश आचार्यको संयोजकत्वमा अतिरिक्त क्रियाकलाप समिति गठन गरी रक्तदान लगायत ब्याडमिन्टन र क्रिकेट प्रतियोगिता सञ्चालन गरिएको थियो । ब्याडमिन्टन सिंगल तर्फ धनीराम चौधरी, गोविन्दराज भट्ट र टेकबहादुर साउद/लक्ष्मीप्रसाद शर्माले क्रमशः प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्नुभयो । ब्याडमिन्टन डबल्समा बिष्णुदत्त पाण्डेय/धनीराम चौधरी, खडकबहादुर चौधरी/टेकबहादुर



साउद, विनोदराज लेखक/देवेन्द्र सुवेदी तथा रमेश आचार्य/दिर्घबहादुर रावलका जोडीहरु क्रमशः प्रथम, द्वितीय र तृतीय हुनु भएको थियो । त्यसैगरी मैत्रीपूर्ण क्रिकेट खेल आयोजना गरिएकोमा घनश्याम फुलाराको नेतृत्वमा रहेको समूहले जित हासिल गरेको थियो ।

नयाँ वर्ष २०७४ को शुभ उपलक्ष्यमा समस्त नेपालीहरुमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै
बैंकको ६२ औं वार्षिकोत्सवको सुखद् अवसरमा
कुशल र सक्षम वित्तीय प्रणालीको विकास,
मौद्रिक स्थिरता एवम् वित्तीय स्थायित्व कायम गरी
मुलुकले परिलक्षित गरेको दिगो एवम् उच्च आर्थिक
वृद्धिको लक्ष्य हासिल गर्न सहयोग पुर्‍याउने
प्रतिबद्धता व्यक्त गर्दछौं ।

नेपाल राष्ट्र बैंक
परिवार

**प्रकाशक**
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext .: ३६२
ईमेल : samachar@nrb .org .np, वेवसाईट : www .nrb .org .np

**सम्पादक**
शम्भुनाथ ढुङ्गाना

**सम्पादन सहयोगी**
सुरेश पन्त
सार्थक कार्की
नवीना ताम्राकार

*मुद्रण :* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, *फोन नं.* ०१-४२६७९१८, ४२६८११६